# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७५/१२/१३

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले कालिकोटबाट प्रसारण हुने रेडियो नयाँ कर्णालीका वरिष्ठ प्राविधिक तथा सम्वाददाता कर्ण विश्वकर्मालाई प्रहरीले रेडियोको स्टेसनबाटै पक्राउ गरेको सम्बन्धमा स्थलगत अध्ययनका लागि नेपाल पत्रकार महासंघ प्रदेश समिति अध्यक्ष दुर्गा थापाको संयोजकत्वमा मिसन पठाएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का कर्णाली प्रदेश संयोजक नारायण सुवेदीसहित नेपाल बार एसोसिएसन प्रतिनिधि संलग्न मिसनले पत्रकार विश्वकर्मा पक्राउका सम्बन्धमा स्थलगत अध्ययन गरी प्रहरी, स्थानीय प्रशासनलगायत घटनासँग जोडिएका सबै पक्षसँग छलफल गरी रिहाइको पहल गर्नुका साथै घटनाको सत्यतथ्य पत्ता लगाई प्रतिवेदन सार्वजनिक गर्नेछ । पत्रकार विश्वकर्मालाई चैत्र ७ गते कालिकोटस्थित रेडियो नयाँ कर्णालीको स्टुडियोमै प्रवेश गरी प्रहरीले पक्राउ गरेको थियो ।

रमेश विष्ट
महासचिव